**आकाशवाणी समाचार- नेपाली**

मितिः २४ फरवरी २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- **राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि महाराष्ट्र, झारखंड र राजस्थान को चार दिने भ्रमणमा रहनु हुनेछ ।**
- **वित्त मंत्री निर्मला सीतारामनले नयाँ दिल्लीमा केंद्रीय मंत्रालयहरु अनि सार्वजनिक क्षेत्रका उपक्रमहरुको लागि परिसंपत्ति मुद्रीकरण योजनाको दोस्रो चरणको शुभारंभ गर्नु भयो।**
- **नयाँ दिल्लीको भारत मंडपममा आज भारत निर्वाचन आयोग अनि राज्य निर्वाचन आयुक्तहरुको राष्ट्रीय गोलमेज सम्मेलन आयोजित हुनेछ।**
- **झारखंडको चतरा जिलामा सिमरिया नजिक हिज साझ एक एयर एंबुलेंस विमान दुर्घटनाग्रस्त हुदा, विमानमा सवार सबै सात जनाको मृत्यु भएको छ।**
- **आईसीसी टी-20 क्रिकेट विश्व कपको सुपर 8 मा हिज वेस्ट इंडीजले जिम्बाब्वेलाई 107 रनले पराजित गरेको छ।**

**महाराष्ट्र - राष्ट्रपति दौरा**

राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि **महाराष्ट्र, झारखंड र राजस्थान** को चार दिने भ्रमणमा रहनु हुनेछ । आज राष्ट्रपतिले मुंबईको लोक भवनमा पी.डी. हिंदुजा अस्पताल द्वारा आयोजित राष्ट्रव्यापी अभियान **'जीवन बचाओ र स्वस्थ भारत बनाओ' को** उद्घाटन गर्नुहुनेछ । भोली उहाँले बुलढाणा जील्लाको शेगांवमा केंद्रीय आयुष मंत्रालय द्वारा आयोजित 'राष्ट्रीय आरोग्य मेला 2026' को पनि उद्घाटन गर्नुहुनेछ। यसपछि बुधवार राष्ट्रपति नागपुरमा ब्रह्म कुमारी संस्था द्वारा आयोजित **'एकता र विश्वासको माध्यमबाट महाराष्ट्र का स्वर्णिम युग'** को राज्य स्तरीय शुभारंभ समारोहमा पनि शामेल हुनुहुनेछ ।विहिवार राष्ट्रपतिले झारखंडको जमशेदपुरमा **श्री जगन्नाथ मंदिर** को भूमि पूजन समारोहमा भाग लिनुहुनेछ। यसपछि राष्ट्रपतिले **मणिपाल टाटा मेडिकल कॉलेज** को पनि भ्रमण गर्नुहुनेछ र विद्यार्थिहरुसंग संवाद गर्नुहुनेछ ।शुक्रवार राष्ट्रपतिको राजस्थानको पोखरणमा आयोजित हुने **वायुशक्ति** अभ्यासको अवलोकन गर्ने कार्यक्रम रहेको छ।

**निर्वाचन आयोग- गोलमेज सम्मेलन**

नयाँ दिल्लीको भारत मंडपममा आज **भारत निर्वाचन आयोग अनि राज्य निर्वाचन आयुक्तहरुको राष्ट्रीय गोलमेज सम्मेलन** आयोजित हुनेछ। यो गोलमेज सम्मेलन 27 वर्षको लामो अंतराल पछि आयोजित भइ रहेकोछ। पछिलो सम्मेलन 1999 मा भएको थियो। **मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले** सम्मेलनको अध्यक्षता गर्नु हुनेछ। यस अवसरमा निर्वाचन आयुक्त डॉ. सुखबीर सिंह संधू र डॉ. विवेक जोशी पनि उपस्थित रहनु हुनेछ। सबै राज्य अनि केंद्र शासित प्रदेशहरुका राज्य निर्वाचन आयुक्तले आफ्नो कानूनी अनि तकनीकी विशेषज्ञहरु सहित सम्मेलनमा भाग लिने छन्। यसको साथै, सबै राज्य अनि केंद्र शासित प्रदेशहरुका मुख्य चुनाव अधिकारीहरु पनि सम्मेलनमा शामिल हुने छन्।

**वित्त मंत्री -मुद्रीकरण पाइपलाइन**

वित्त मंत्री निर्मला सीतारामनले नयाँ दिल्लीमा केंद्रीय मंत्रालयहरु अनि सार्वजनिक क्षेत्रका उपक्रमहरुको लागि परिसंपत्ति मुद्रीकरण योजनाको दोस्रो चरणको शुभारंभ गर्नु भयो। यस योजनाको दोस्रो चरण नीति आयोग द्वारा अवसंरचना संबंधी मंत्रालयहरुको परामर्शमा तयार गरिएको छ, जो केंद्रीय बजट 2025-26 मा घोषित 'परिसंपत्ति मुद्रीकरण योजना 2025-30' को जनादेश माथि आधारित छ। राष्ट्रीय मुद्रीकरण योजना 2.0 अनुसार, वित्त वर्ष 2025-26 देखि वित्त वर्ष 2029-30 सम्म पांच वर्षको अवधिमा केंद्रीय मंत्रालयहरु अनि सार्वजनिक क्षेत्रको संस्थाहरुको परिसंपत्ति मुद्रीकरण योजना अन्तर्गत 16 लाख 72 हजार करोड़ रुपियाको कुल मुद्रीकरण क्षमताको अनुमान रहेको छ, जसमा निजी क्षेत्रको 5 लाख 80 हजार करोड़ रुपियाँको निवेश पनि शामिल छ।

आफ्नो संबोधनमा, श्रीमती सीतारामनले राष्ट्रीय मुद्रीकरण पाइपलाइन 1.0 को कार्यान्वयनमा चार वर्षको लागि निर्धारित छ लाख करोड़ रुपियाँको लक्ष्यको लगभग 90 प्रतिशत हासिल गर्नको लागि सरकारको सबै मंत्रालय तथा विभागअरु अनि नीति आयोगको सराहना गर्नु भयो। उहाँले भन्नु भयो एन.एम.पी 2.0 त्वरित अवसंरचना विकासको माध्यमले विकसित भारतको लक्ष्यलाई प्राप्त गर्ने मिशनको अनुरूप हो अनि यसमा भारतको विकास गतिलाई गति दिने क्षमता छ। राष्ट्रीय मुद्रीकरण पाइपलाइन 2.0 लाई नीति आयोगका सी.ई.ओ अनि अवसंरचना संबंधी मंत्रालयहरुका सचिवको साथै वित्त मंत्रालय, विधि मंत्रालय अनि मुख्य आर्थिक सलाहकारका सचिवहरुको उपस्थितिमा जारी गरियो।

**पीएमएवाई-शहरी 2.0**

सरकारले हिज नयाँ दिल्लीमा आयोजित छैठौ **केंद्रीय स्वीकृति एवं निगरानी समिति को** बैठकमा **प्रधानमंत्री आवास योजना- शहरी को दोस्रो चरण अन्तर्गत** दुई लाख 88 हजार भन्दा अधिक **आवास** हरुलाई मंजूरी दिएको छ। **आवासन एवं शहरी कार्य मंत्रालय** ले बताए अनुसार नया स्वीकृत आवास 16 राज्य अनि केंद्र शासित प्रदेशहरुमा अनुमोदित गरिएकोछ कि, जसमा आंध्र प्रदेश, अरुणाचल प्रदेश, छत्तीसगढ़, गुजरात अनि जम्मू-कश्मीर शामिल छन्। मंत्रालयले अझ भनेको छ यस योजना अंतर्गत हाल सम्म स्वीकृत आवासहरुको कुल संख्या 13 लाख 61 हजार भन्दा अधिक भएको छ। मंत्रालयले भनेको छ यी स्वीकृतिहरुले आर्थिक रूपले कमजोर वर्ग, निम्न आय वर्ग अनि मध्यम आय वर्गका शहरी परिवारहरुको लागि सम्मानजनक अनि सस्तो आवास उपलब्ध गराउने सरकारको निरंतर प्रतिबद्धतालाई दर्शाउद् छ।

**कनाडा - प्रधानमंत्री भारत यात्रा**

कनाडाका प्रधानमंत्री मार्क कार्नी 26 फरवरीमा भारत भ्रमणमा आउनु हुनेछ। श्री कार्नी 7 मार्च सम्म भारतमा राहनु हुनेछ। उहाँको यो यात्रा दुई देश माझको संबंधमा एउटा नयाँ अध्यायको शुरुआत मनिन्दैछ। पछिलो सरकारको कार्यकालमा तनावपूर्ण संबंध पछि कनाडाका नेताको यो पहिलो आधिकारिक भारत भ्रमण हो। श्री कार्नीले आफ्नो यात्राको शुरुमा मुंबईमा व्यापारिक नेताहरु सित भेट गर्नु हुनेछ। उहाँले 2 मार्चमा प्रधानमंत्री नरेंद्र मोदी सित उच्च स्तरीय वैठकमा भाग लिन नयाँ दिल्ली जानु हुनेछ।

दुवै नेताले स्वच्छ ऊर्जा, आर्टिफिशियल इंटेलीजेंस, रक्षा अनि प्रौद्योगिकीको क्षेत्रमा नयाँ साझेदारिहरु माथि ध्यान केंद्रित गर्नेछन्। यस भ्रमणको उद्देश्य देशको व्यापक आर्थिक साझेदारी समझौताको लागि वार्तालाई गति दिनु रहेकोछ। यस व्यापार समझौतालाई एक वर्षमा अंतिम रूप दिइने सम्भावना रहेको छ। यस महत्वाकांक्षी लक्ष्य वर्ष 2030 सम्म दुवै देश बीच व्यापार दुइगुना बनाइ 50 अरब डॉलर भन्दा अधिक बनाउने हो।

प्रधानमंत्री नरेन्द्र मोदीले पछिलो वर्ष नवंबरमा जोहान्सबर्गमा जी-20 शिखर सम्मेलन अवधि श्री कार्नी सित भेंट गर्नु भएको थियो। प्रधानमंत्री मोदीले भन्नु भएको थियो भारत अनि कनाडामा व्यापार तथा निवेश संबंध बलियो बनाउने अपार संभावना छ।

**एआई रूरल इंडिया**

आर्टिफिशियल इंटेलिजेंस, भारतमा ग्रामीण परिवर्तनको एक मजबूत आधार बन्दै गइरहेको छ। यसले मात्र तकनीकी उपयोग नभई समावेशी विकास लक्ष्यहरुको अनुरूप एकीकृत सार्वजनिक अवसंरचनाको रूपमा आकार लिरहेको छ। रणनीतिक

दृष्टिकोण, सुशासन संबंधी सुरक्षा उपायहरु , डिजिटल सार्वजनिक अवसंरचना, बहुभाषी प्लेटफार्म, कृषि, स्वास्थ्य सेवा, शिक्षा, कौशल विकास अनि स्थानीय प्रशासन जस्ता क्षेत्रमा समन्वित उपयोगको माध्यमले, एआईलाई संस्थागत रूप दिइन्दै छ। एआईको उद्देश्य मानव क्षमतालाई प्रतिस्थापित गर्ने होइन तर यसलाई अझ सशक्त अनि समर्थ बनाउन हो।

**झारखंड दुर्घटना**

झारखंडको चतरा जिलामा सिमरिया नजिक हिज साझ एक एयर एंबुलेंस विमान दुर्घटनाग्रस्त हुदा, विमानमा सवार सबै सात जनाको मृत्यु भएको छ। विमान रांची देखि दिल्ली गइरहेको थियो। राज्य सरकारको एक वरिष्ठ अधिकारीले यो जानकारी दिएका छन्। रेडबर्ड एयरवेज प्राइवेट लिमिटेड द्वारा संचालित यो विमान साझ 7 बजेर 11 मिनटमा रांची हवाई अड्डाबाट उड़ान भरेको केहि समय पछि दुर्घटनाग्रस्त भएको थियो।

चतराका उपायुक्त कीर्तिश्री जीले मीडियालाई बताए अनुसार "एयर एम्बुलेंसमा सवार सबै सात जनाको यस दुर्घटनामा मृत्यु भएको छ। विमानमा सवार सबै सात जनाको शव बरामद गरिएको छ। मृतकहरुको पहिचान कैप्टन विवेक विकास भगत, कैप्टन सवराजदीप सिंह, संजय कुमार, डॉ. विकास कुमार गुप्ता, सचिन कुमार मिश्रा, अर्चना देवी र धुरु कुमारको रूपमा भएकोछ।

**पश्चिम बंगाल-एसआईआर**

पश्चिम बंगालका मुख्य चुनाव अधिकारी मनोज कुमार अग्रवालले बताउनु भयो कि सर्वोच्च न्यायालयको निर्देशानुसार राज्यमा विशेष गहन पुनरीक्षण- एसआईआर प्रक्रियाको लागि नियुक्त न्यायिक अधिकारिहरु अथवा न्यायाधीशहरुको प्रशिक्षण पूरा भइसकेको छ। श्री अग्रवालले संवाददाताहरुलाई बताउनु भयो कि न्यायिक अधिकारी अब आफ्नो काम शुरू गर्नका लागि तयार छन्। एसआईआर प्रक्रियासित जुडेका जटिलताहरुलाई सुलझाउनका लागि निर्वाचन आयोग र न्यायपालिकाका प्रतिनिधिहरुले हिज बैठक गरे। जसको मुख्य उद्देश्य न्यायपालिका द्वारा उठाइएको संदेहहरुलाई हटाउनु थियो | बैठकको प्रमुख उद्देश्य यस प्रक्रियालाई भविष्यको ढांचामा निर्धारित गर्नु रहेको थियो।साथै , अहिलेसम्म गरिएको कार्य र आगामी दिनहरुमा गरिने कार्यलाई अघि बढ़ाउने विधिको संबंधमा एक विशिष्ट दिशानिर्देश पनि तयार गरिएको थियो।यस बीच, कलकत्ता उच्च न्यायालयका मुख्य न्यायाधीश सुजॉय पालले बैठकको अवधि स्पष्ट रूपले भन्नु भयो की सबैले निर्धारित दिशानिर्देशहरुको पालन गर्नु पर्नेछ।

**इजराइल भारतीय राजदूत साक्षात्कार**

इजराइलमा भारतको राजदूत जेपी सिंहले प्रधानमंत्री नरेंद्र मोदीको इजराइल यात्रा ऐतिहासिक सिद्ध हुने बताउनु भएको छ। हिज साझ यरुशलममा आकाशवाणी समाचार सित कुरा गर्नु हुदै श्री सिंहले भन्नु भयो इजरायलका प्रधानमंत्री बेंजामिन नेतन्याहू सितको वार्ता साथै श्री मोदीले इजराइलका राष्ट्रपति इसहाक हर्ज़ोग सित पनि भेट गर्नु हुनेछ अनि इजराइलको **संसद (क्नेसेट)** लाई संबोधन गर्नु हुनेछ। उहाँले भन्नु भयो जब प्रधानमंत्री मोदीले वर्ष 2017 मा इजराइलको भ्रमण गर्नु भएको थियो, तब उहाँले **श्री नेतन्याहू सित** मिलेर द्विपक्षीय संबंध लाई बलियो बनाउने आधार राख्नु भएको थियो। अब त्यस रणनीतिक साझेदारीलाई नयाँ ऊंचाइसम्म लैजाने समय आएको पनि श्री सिंहले बताउनु भयो। दुई प्रधानमंत्रि बीच वार्ता पछि धेरै समझौताहरुमा हस्ताक्षर हुने पनि उहाँले बताउनु भयो।

**टी-20 क्रिकेट विश्व कप**

आईसीसी टी-20 क्रिकेट विश्व कपको सुपर-8 मुकाबिलामा हिज वेस्ट इंडीजले जिम्बाब्वेलाई 107 रनले पराजित गरेको छ। मुंबईमा वेस्ट इंडीजले पहिलो ब्यांटिंग गर्दै निर्धारित बीस ओवरमा 6 विकेट गुमाएर 255 रन बनाए। जवाफमा जिम्बाब्वेको टीम 17 ओवर र चार बलमा केवल 147 रनमा सीमित रहे। शिमरोन हेटमायरलाई मैन ऑफ द मैच घोषित गरियो।

श्रीलंकाको पल्लेकेलेमा आज प्रतियोगिताको सुपर-8 मा इंग्लैंडको भिडन्त पाकिस्तानसित हुनेछ। मैच साँझ सात बजे शुरू हुनेछ।